# स्थानीय राजपत्र

ककनी गाउँपालिका, नुवाकोटद्वारा प्रकाशित

| खण्ड ७ | संख्या १२ | मितिः २०८०/१२/२८ |
| --- | --- | --- |


## भाग २

### ककनी गाउँपालिका

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ (२) बमोजिम गाउँ कार्यपालिकाबाट जारी भएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

सम्वत् २०८० सालको कार्यविधि संख्या १२

# महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका विशेष सम्मान कार्यक्रम सम्बन्धी कार्यविधि, २०८०

**प्रस्तावना:**

संविधान प्रदत्त स्वास्थ्य सम्बन्धी अधिकारलाई सबै नागरिकले उपभोग गर्न पाउने अवसरको सिर्जना गर्न जारी भएको राष्ट्रिय स्वास्थ्य नीति, २०७६ को बुँदा नं ६ मा स्वयंसेवाको अवधारणालाई विकास गर्दै महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको परिचालन तथा व्यवस्थापन स्थानीय तहबाट गर्न निर्देशन गरेको छ। गाउँपालिका क्षेत्रमा मातृ मृत्युदर, शिशु मृत्युदर तथा बाल

मृत्युदरमा आएको कमीमा महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरूको सक्रिय भूमिकालाई उच्च मूल्याङ्कन गर्दै समुदायमा सचेतना अभिवृद्धि एवं स्वास्थ्य सेवा प्रवाहको लागि महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुलाई उत्प्रेरित गर्नका लागि थप सेवा सुविधा प्रदान गर्न बाञ्छनीय देखिएकोले,

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी ककनी गाउँ कार्यपालिकाले यो कार्यविधि बनाई जारी गरेको छ।

## परिच्छेद–१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ**ः

(१) यो कार्यविधिको नाम “महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका विशेष सम्मान कार्यक्रम सम्बन्धी कार्यविधि, २०८०” रहनेछ।

(२) यो कार्यविधि ककनी गाउँ कार्यपालिकाको बैठकले पारित गरेपछि लागू हुनेछ।

२. **परिभाषा**ः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) “प्रमुख प्रशासकिय अधिकृत” भन्नाले ककनी गाउँ कार्यपालिकाको प्रशासन प्रमुख लाई सम्झनुपर्छ।

(ख) “कार्यविधि” भन्नाले “महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका विशेष सम्मान कार्यक्रम सम्बन्धी कार्यविधि, २०८०” लाई सम्झनु पर्दछ।

(ग) “छनौट” भन्नाले पहिलो पटक वा पुनः तोकिएको प्रक्रिया र विधि पूरा गरि छनौट भएको योग्य व्यक्ति सम्झनु पर्दछ।

(घ) “बिदाई” भन्नाले महिला स्वास्थ्य स्वयंसेविकाको रुपमा स्वयंसेवी भावना एवं मर्यादाका साथ काम गरी सेवाबाट अलग भएको भन्ने सम्झनु पर्दछ।

(ङ) "स्वयंसेविका" भन्नाले स्थानीय स्वास्थ्य आमा समूहद्वारा छनौट गरिएको, निश्चित अवधिसम्म स्वयंसेवक भई कार्य गर्न तत्पर भएका, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयद्वारा निर्धारित पाठ्यक्रमलाई आधार मानी सम्बन्धित प्रदेशले तयार गरेका पाठ्यकम अनुसार तालिम प्राप्त गरी स्थानीय स्वास्थ्य संस्थाद्वारा प्रदान गरिने विभिन्न स्वास्थ्य कार्यक्रमहरूमा सहयोग पुर्याउने स्वयंसेवी महिलालाई सम्झनु पर्दछ। यस शब्दले आमा समूहबाट छनौट भई तालिम लिन बाँकी रहेका स्वयंसेवी महिला समेतलाई सम्झनु पर्दछ।

(च) "शाखा प्रमुख" भन्नाले ककनी गाउँ कार्यपालिकाको स्वास्थ्य शाखा प्रमुख वा निजले तोकेको सम्बन्धित शाखाको कर्मचारीलाई सम्झनुपर्छ।

## परिच्छेद २

## स्वयंसेविका छनौट तथा बिदाई एवं सेवा रद्द सम्बन्धी व्यवस्था

३. **स्वयंसेविका छनौटः**

(१) स्वयंसेविकाको छनौट संघीय सरकारको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको निर्देशिकाको देहायको प्राबधान बमोजिम हुनेछः

(क) तोकिएको कार्यक्षेत्रमा स्थायी बसोबास गरेको हुनु पर्ने,

(ख) कम्तीमा ५ वर्ष सेवा गर्न ईच्छुक रहेको प्रतिवद्धता गरेको हुनुपर्ने,

(ग) समाज सेवा गर्न ईच्छा भएको,

(घ) २५ वर्ष उमेर पूरा भई ४५ वर्ष ननाघेको,

(ङ) राजनीतिमा नलागेको र कुनै पनि राजनीतिक पदमा बहाल नरहेको,

(च) कुनै पनि लाभको पदमा बहाल नरहेको,

(छ) कम्तीमा साक्षर वा SEE उत्तीर्ण गरेको

(२) लोपोन्मुख, आदिबासी र दलित वर्गलाई प्राथमिकता दिईने।

**४. स्वयंसेविकाको बिदाईः**

(१) दफा ३ अनुसार छनौट र कार्यरत रहेका स्वयंसेविकाको देहायका अवस्थामा सेवाबाट विदाई हुनेछः

(क) नीजले स्वेच्छिक रुपमा सेवाबाट राजीनामा दिएमा,

(ख) ६० वर्ष उमेर पूरा भएमा,

(ग) स्वयंसेविकाले आमा समूह समक्ष सेवा छाड्ने इच्छा जाहेर गरी बिदाई लिएमा,

(घ) प्रत्येक पाँच वर्षमा आमा समूहबाट पूनः छनौट नभएमा,

(ङ) राजनैतिक एवं कुनै पनि सरकारी वा अन्य संघ संस्थाको वैतनिक पदमा नियुक्ति वा मनोनयन लिएमा,

(च) तोकिएको भौगोलिक क्षेत्रमा घर ठेगाना रही ९० प्रतिशत भन्दा कम अवधि वसोवास गरेको अवस्था रहेमा ।

**५. स्वयंसेविकाको सेवा रद्द गरिनेः**

(१) स्वयंसेविकाको सेवा देहायका अवस्थामा रद्द गरिनेछः

(क) स्वयंसेवी भावना तथा आचरण बमोजिम कार्य नगरेको पाईएमा

(ख) भ्रष्टाचार, अनुशासनको उल्लङ्घन तथा नैतिक पतन देखिने कार्य गरेमा,

(ग) जनप्रतिनिधि भई वा कर्मचारीको रुपमा कहि कतैबाट दैनिक ज्यालादारी, करार र  स्थायी नियुक्ती लिई सेवा सुविधा वा तलब स्केलमा रहेको पाईएमा ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कुनै स्वयंसेविकाले बिना सूचना चार महिना सम्म लगातार मासिक बैठकमा अनुपस्थित भएमा स्वतः सेवा रद्द हुनेछ ।

## परिच्छेद ३

## सेवा सुविधा सम्बन्धी व्यवस्था

६. **सेवा तथा सुविधाः**

(१) स्वयंसेविकाले कुनै पनि किसिमको तलब तथा अन्य सुबिधा दाबी गर्न पाउने छैन। सकभर सेवा सुबिधा बैंक मार्फत उपलब्ध गराइनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि स्वयंसेविकाले मासिक रुपमा आमा समूहको बैठक सञ्चालन, मासिक बैठकमा उपस्थिति, खोप क्लिनिक सञ्चालन तथा समुदायमा विभिन्न स्वास्थ्य सहयोग जस्ता क्रियाकलापमा सहभागी भई कार्य सम्पन्न गरेको प्रतिवेदन सम्बन्धित स्वास्थ्य संस्थाबाट ककनी गाउँपालिकाको स्वास्थ्य शाखामा सिफारिस भई शाखाबाट संस्थागत रुपमा टिप्पणी उठाई प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गरेकोमा टिप्पणी सदर भएपश्चात् उत्प्रेरणाको लागि जनहि मासिक रु १०००। मा नियमानुसार कर कट्टी गरि सेवा सुविधा प्रदान गरिनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि दफा ५ बमोजिम सेवा रद्द भएको अवस्थामा कुनै पनि प्रकारको सेवा सुविधा उपलब्ध गराईने छैन।

## परिच्छेद ४

## विविध

७. **अन्य छुट विषय सम्बन्धीः** यस कार्यविधिमा उल्लेख नभएका वा समावेस नभएका विषयका सम्बन्धमा ककनी गाउँ कार्यपालिकाले बेला बेलामा गरेका निर्णय र प्रचलित कानून बमोजिम हुनेछ।

८ **संसोधन तथा खारेजी** : ककनी गाउँ कार्यपालिकाले आवश्यक ठानेका विषयमा यस कार्यविधिमा संशोधन तथा खारेजी गर्नेछ।

**प्रमाणीकरण मिति: २०८०/१२/२८**

**आज्ञाले,**
**खम्बराज राई**
**प्रमुख प्रशासकीय अधिकृत**